# Family Peace Association
# Inaugural Ceremony

## Founder's Address

**Seoul, Korea**

**December 2, 2017**

FAMILY PEACE
ASSOCIATION

Family Peace Association

# समुद्घाटन समारोहमा डा. ह्युन जिन प्रिस्टन मुनले गर्नु भएको सम्बोधन

## समुद्घाटन तथा स्वागतम

आदरणीय आध्यात्मिक अगुवाहरू, उच्च पदाधिकारीहरू र विश्वभरिबाट पाल्नुभएका Family Peace Association का संस्थापक सदस्यहरू!

मेरो जन्मभूमि कोरियाको सियोलमा तपाईंलाई हार्दिक स्वागत छ र यस Family Peace Association को ऐतिहासिक समुद्घाटनमा उपस्थित हुनु भएकोमा तपाईंहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

समुद्घाटनको मूल विषय "सृष्टिकर्ता ईश्वर केन्द्रित परिवारमा आधारित नव आध्यात्मिक अन्तश्चेतनाको विकास" रहेको छ । यो विषयवस्तुले यो नयाँ संस्थाको आशयलाई समेटेको छ र आजको विश्वमा विद्यमान चिन्तापूर्ण समस्याको सरल तर गहकिलो समाधान पेश गरेको छ ।

दुई दशकभन्दा बढी समयदेखि, म संसारभरि "एक ईश्वर अन्तर्गतको एक परिवार" को दुरदृष्टिको वकालत गरिरहेको छु । प्रारम्भमा, यसका प्राथमिक माध्यमहरू ठूलो एकीकरण अभियान अन्तर्गतका संस्थाहरू थिए । यद्यपि ती संस्थाहरूले केही प्रगति गरेका थिए, तर तिनीहरूमा अर्न्तनिहीत धारणा तथा संस्थागत र कार्यगत सीमितताहरू थिए । सन् २००९ मा यस दायित्वलाई अगाडि बढाउन छुट्टै माध्यमको रूपमा मैले Global Peace Foundation (GPF) को स्थापना गरेको थिएँ र हामीले यस दुरदृष्टिलाई अगाडि बढाउने क्रममा हासिल गरेका उपलब्धीहरू तपाईंहरूमध्ये धेरैले प्रत्यक्षदर्शिको रूपमा देखिराख्नु भएको छ ।

साँचो रूपान्तरण ल्याउन, GPF को प्रयास र त्यसको उल्लेखित दायित्वमा परिपूरकको भूमिका खेल्न एउटा नयाँ संस्था आवश्यक परेको छ । शुरुदेखि यस संस्थामा एउटा आध्यात्मिक अभिमुखीकरण हुनुपर्छ, जसले हरेक तहमा शान्ति स्थापनार्थ एउटा विश्वभरि जनस्तरका अभियानलाई अभिप्रेरित गर्न सकोस् । यो व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको लागि सान्दर्भिक, सरल र अर्थपूर्ण हुनुपर्छ । यसका साथै, यो एउटा सदस्यता वितरण गर्ने संस्था हुनुपर्छ जसले मानव परिवारलाई वर्तमानमा व्याप्त विभिन्न किसिमका भौतिक तथा सबैले प्रत्यक्ष अनुभव गर्ने खालका विभाजनहरूका बावजुद एक अर्कालाई जोड्न सकोस् ।

Family Peace Association त्यो नयाँ माध्यम हो ।

## सृष्टिको उद्देश्य

भद्र महिला तथा सज्जनवृन्द, हामी सबैको अनुभवको उतार के हो भने परिवार नै सबैभन्दा आधारभूत र परिभाषित संस्था हो । परिवार एउटा पवित्र संस्था हो जहाँ सृष्टि सम्बन्धि ईश्वरको मौलिक दूरदृष्टिले मूर्तरूप लिनुपर्थ्यो । यो आफूलाई मेटाउने निस्वार्थ दैवी प्रेम, साँचो प्रेमको मुहान हुनुपर्थ्यो, यो साँचो जीवन सुरुवात हुने प्रेमको पाठशाला हुनुपर्थ्यो एवं यो रगतको प्रतिबद्धतामार्फत सम्पूर्ण मानवता ईश्वरको साँचो वंशावलीसँग प्रत्यक्ष रूपमा गाँसिएको ईश्वरको प्रत्यक्ष प्रभुसत्ताको गृह नगर हुनुपर्थ्यो ।

ईश्वर केवल हाम्रो सृष्टिकर्ता मात्र होइन, हाम्रो सच्चा पितामाता हुन रुचाउनुहुन्छ र आफ्ना छोरा छोरीहरूका साथ पृथ्वीमा भौतिक रूपमा स्वर्गीय साम्राज्य स्थापना गर्न चाहनुहुन्छ । ईश्वरको प्रबल सदिच्छा भनेको प्रत्येक मानव जीवनसँग बाबुआमा र सन्तानबीचको प्रेमको सम्बन्धमार्फत घनिष्ठ नातामा जोडिनु हो । यो नाताद्वारा वहाँ आफ्नो सत्य, सदाचारिता र लोकोपकारीता वसियतको रूपमा आफ्ना छोरा र छोरीहरूमा विस्तार गर्न चाहनुहुन्छ, यसरी वहाँ आफ्नो उपस्थितिलाई रगतको नातामार्फत एउटा फराकिलो पारिवारिक सम्बन्धको संजालमा, विशेषतः क्रमैसँग आउने पिढीहरूमा फैलाउन चाहनुहुन्छ । यस किसिमका ईश्वर केन्द्रित परिवारहरू एउटा शान्तिपूर्ण आदर्श संसारको लागि धरोहर हुनुपर्दछ ।

## परिवारको महत्व

मलाई विश्वास छ कि हामीले अनुभूती गर्ने अत्यन्तै नजिकको आधारभूत सम्वन्ध परिवार भित्र नै पाईन्छ भन्ने कुरामा तपाईंहरू सबै सहमत हुनुहुनेछ । संस्कार, जाति, राष्ट्रियताका बावजुद पारिवारीक सम्बन्ध एउटा सर्वमान्य आदर्श हो । त्यसैले जब हामी पारिवारीक सम्बन्धभन्दा बाहिरको सम्बन्धको नजिकपनलाई उजागर गर्न चाहन्छौं तब हामी 'हाम्रा आत्मिय साथीहरूलाई आफ्नै दाजुभाई दिदीबहिनी जस्तै सोच्छौं, आदरणीय

अग्रज तथा मार्गदर्शकहरूलाई हाम्रा आमाबुवा जस्तै मान्छौं, हामीले अत्यन्तै माया गर्ने गरेका हामी भन्दा साना भाइबहिनीहरूलाई हाम्रा छोराछोरी जस्तै व्यवहार गर्छौं र त्यस्तै पारिवारीक शब्दावलीहरू उपयोग गर्छौं ।

यो घनिष्ठ आत्मियताले पारिवारलाई प्रेम, अन्तरनिर्भरता र सामाजिक ऐक्यवद्धताको प्राकृतिक पाठशाला बनाउँछ । मानव अनुभव बारेको अनौठो तथ्य यो छ की प्रत्येक मानिसले आफ्नो जीवन छनोटबाट होइन परि स्थितीबाट शुरु गर्दछ । हामी यो संसारमा आफ्नो पितामाताको मिलनको प्रतिफलको रूपमा भित्रन्छौं, पूर्णरूपले असहाय, र जीवित रहन र वृद्धि हुन पितामाताकै हेरचाह र प्रेममा निर्भर । जसै हामी दाजुभाई दिदीबहिनी, हजुरबुबा हजुरआमा, काका-काकीहरूसँगको सम्बन्धको अनुभुती गर्दछौं, त्यसले हामीलाई सुरुबाटै हामी स्वभावैले सम्बन्धमा बाँच्ने प्राणी हौं र हामी एक अर्कामा अन्तरनिर्भर छौं भनेर सिकाउँछ । फलस्वरूप, हामी हाम्रो पहिचान, उद्देश्य र खुशीको भाव हामीले अरूसँग स्थापित गर्न सकेको अर्थपूर्ण प्रेम सम्बन्धले परिभाषित गर्दछ भन्ने कुरा महसुस गर्न पुग्छौं र त्यसैले हामीलाई स्वभाविक रूपमा आफ्नो परिवारमा आफ्नो एक पृथक स्थान प्रदान गर्दछ ।

## ब्रह्माण्डीय सिद्धान्त तथा मूल्य मान्यताहरू

अहिले मूल्य मान्यता र आदर्शहरू अत्यन्तै विवादित र पुर्नपरिभाषित हुँदै गरेको बेला, हरेक समयमा मानि आएको ब्रह्माण्डीय आध्यात्मिक सिद्धान्त र मूल्य मान्यताहरूलाई स्पष्ट पार्न र बढावा दिन अत्यावश्यक भएको छ । यस्ता सिद्धान्तहरू मानवतालाई दुविधाहरूमाझ मार्ग निर्देशन गर्दै ईश्वरको आदर्शतर्फ डोऱ्याउन अत्यन्तै आवश्यक मार्गदर्शक बन्न सक्छन् । मेरो विचारमा ईश्वरीय आदर्श भन्नासाथ प्रथमतः ईश्वरको अलौकिक प्रेममा केन्द्रित परिवारबाट उठेको आदर्शलाई बुझ्दछौं । हामीले यस्ता ब्रह्माण्डीय सिद्धान्तका प्रमाणहरू पत्तालगाउन धेरै टाढा टाढा गइरहनु पर्दैन ।

पहिलो, हामी महान आस्थाका परम्पराहरूलाई हेर्न सक्छौं, जसले हरेक समयमा उतिकै सम्मानित परम्पराहरूलाई संरक्षण, अध्यापन र अभ्यास गर्दै आइरहेका छन् । यस्ता परम्पराले मानव जीवनमा अन्तरनिहित मूल्य मान्यता, मानव सम्बन्ध खासगरी पारिवारीक सम्बन्धका सहि क्रम तथा जिउने कलाहरू औंल्याउँछन् । यी कुराहरू धार्मिक प्रशिक्षणहरूमा फरक भए पनि त्यो तिनीहरूको शिक्षाको सानो अंश मात्र हो । तिनीहरूको प्रायः जसो निर्देशनहरू साश्वत सत्यसँग नै सम्बन्ध राख्दछन् । ती सत्यहरू सबै आस्थावान मानिसहरूमा साझ रूपमा रहेको ब्रह्माडीय आध्यात्मिक सिद्धान्त र मूल्य मान्यताहरूका आधारहरू हुन् ।

दोस्रो, हामी यो प्राकृतिक संसारमा नियाल्न सक्छौं र सम्पूर्ण सृष्टिको बनावट र त्यसको व्यवस्थापनमा ईश्वरको हात छ भन्ने थाहा पाउन सक्छौं । म मेरो धेरै समय प्रकृतिको कठोरतामा बिताउछु किनकि त्यो ईश्वरको निर्देशन प्राप्त गर्ने र आफ्नो आन्तरिक आवेगलाई मजबुत बनाउने मेरो पहिलो पुजास्थल हो । आलस्काको कठोर पर्वतहरूमा होस् वा अफ्रिकाको डढाउने घाम भएको घाँसे मैदानमा, तपाईंहरू आफूलाई बनावटी र झुट्टा बहानाहरू भित्र लुकाउन सक्नुहुन्न । त्यहाँ तपाई आफू वास्तविकमा को हो, पहिचान गर्न वाध्य हुनुहुन्छ । त्यसैले हाम्रा सृष्टिकर्ता र वहाँको सृष्टिको उद्देश्य बुझ्न खोज्ने कैयन महान आस्थवान अगुवाहरू प्रकृतिक संसारमा फर्केका छन् ।

तेस्रो क्षेत्र जसले ब्रह्माण्डीय सिद्धान्तहरूको प्रमाणहरू प्रस्तुत गर्न सक्छ त्यो हो सामाजिक विज्ञान । जसरी प्राकृतिक विज्ञान हामीलाई यो सृष्टि गरिएको संसारको बारेमा जानकारी दिन कल्पना नै गर्न नसकिने गतिमा अगाडि बढिरहेको छ, त्यसैगरी सामाजिक विज्ञान पनि मुलभूत रूपमा मानव जाति, मानिवीय अन्तरक्रियाहरू, खुशी, सन्तुष्टि र स्वस्थ्य प्राप्त गर्ने उपायहरूका बारेमा बोध गर्न विभिन्न तरिकाहरू विकास गरिरहेको छ । पथ भ्रमित भएर आफ्नो आफू केन्द्रित उद्देश्य प्राप्तिको लागि नलाग्ने हो भने हामी परिवारको परम्परागत बुझाईको महत्व औंल्याउने प्रशस्तै प्रमाणित तथ्यहरू भेट्टाउन सक्छौं ।

## वर्तमान विश्वको विषम परिस्थिति

यहाँ उपस्थित सबैका लागि परिवार सम्बन्धी ती सत्यहरू स्वयम् सिद्ध तथ्य हुनसक्छन् । तर आज तिनीहरूले विकसित देशहरूका धेरै पक्षहरूबाट गम्भीर चुनौतीहरू सामना गर्न परिरहेका छन् । मानब इतिहासभर परिवारलाई परिभाषित गरेको परम्परागत आदर्श र आधारभूत मूल्य मान्यताहरू, जसले मेलमिलापपूर्ण समाजका लागि आधार प्रदान गरेको थियो, त्यसमथि प्रश्न उठाइँदैछ । विशेषगरी पश्चिमी मुलुकमा देखा परेका यी आन्तरिक द्वन्द्व र भ्रमहरूले विश्वव्यापी रूपमा असर देखिएको छ, यसै कारणले विश्वको बाकी भागको नजरमा पश्चिमी मुलुकको नैतिक अख्तियारी खस्किएको प्रतिबिम्बित भइरहेको छ ।

पश्चिमेलीहरू पृथ्वीमा बस्ने साढे सात अरब मानिसको केवल सानो अंश मात्र हुन्, तर पश्चिमले विगतको शताब्दीमा विश्वभर पारेको प्रभावलाई भने नर्कान सकिँदैन । त्यस अवधीको धेरै समय, त्यसले आधारभूत मानव अधिकार र स्वतन्त्रताको ब्रह्माडीय आदर्शलाई पछ्याउँदै विश्व समुदायको अगुवाई गरेको थियो, जसले गर्दा मानव अवस्था उकासिन पुगेको थियो । तिनीहरू, उनिहरूको यहुदी क्रिश्चियन सम्पदाबाट आएका आध्यात्मिक सिद्धान्त र मान्यताहरू थिए । तर सन् १९६० दशकको आध्यात्मिकतासँग कुनै सरोकार नराख्ने प्रगतीशील अभियानको उदयसँगै पाश्चात्य संस्कारमा युगौंदेखि मानिआएको परम्पराहरूमा यहाँसम्म गिरावट आयो कि सार्वजनिक स्थलमा ईश्वर वा आस्थाको उल्लेख गर्नु पनि अमान्य हुने अवस्था आयो ।

विकासशील राष्ट्रहरू ठुलो मात्रामा परम्परागत तथा धार्मिक समाज र संस्कारबाट बनेका छन् जसले सांस्कृतिक प्रतिअन्दोलनका धेरैजसो सामाजिक प्रयोगलाई अस्वीकार गर्दछ । पश्चिमको भौतिकबादी र सांसारिक संस्कारको ज्यादतीलाई यी भागका धेरै जसोले आपत्तिजनक ठान्दछन् । तिनीहरू पनि विकसित राष्ट्रहरूको जस्तो सम्पन्नता त चाहन्छन् तर उनीहरूका आधुनिक मूल्य मान्यताहरू भने अनुसरण गर्न चाँहदैनन् ।

आतंकवाद विरुद्धको विश्वव्यापी युद्धका विशेषज्ञहरूले स्वीकार गरेझैं, पश्चिमले यस युगको नैतिक अगुवा बन्ने हैसियत गुमाएको भनेर व्यपक हुँदै गइरहेका आम धारणालाई मुस्लिम आतंकबादी समुहहरूले आफ्नो उद्देश्यको लागि उर्जाको रूपमा प्रयोग गरिरहेका छन् । आफ्नो धार्मिक झुकाव सहितको यस विश्वव्यापी द्वन्द्वको प्रकृतिले नैतिक अख्तियारी र आध्यात्मिक नेतृत्वको गहिरो सवाललाई संकेत गरेको छ । मुस्लिमको कट्टरपन्थीकरणलाई आफ्नै आस्थाको समुदायभित्र हेरिनु पर्ने कुरा भएकाले, मुस्लिम वा धार्मिक आतंकवादको विचारधारालाई धार्मिक जडसुत्रभित्र मात्र सिमित नभएको र मानवतालाई आधारभूत ब्रह्माण्डीय सत्यबाट तत्व वोध गर्न सक्ने एउटा वैकल्पिक आध्यात्मिक विचारधाराद्धारा निर्मूल पार्न सकिन्छ ।

## आध्यात्मिक जागरणको आवश्यकता

विकसित राष्ट्रहरूको भौतिकवादी सांसारिक संस्कारहरूले आत्मवलिदान, आत्मनियन्त्रण र अटुट मानव सम्बन्धहरूको सट्टामा प्राय तत्काल प्राप्त हुने सन्तुष्टिलाई सबैभन्दा ठूलो महत्व दिइरहेका छन् । अहमतापूर्ण अति व्यक्तिवादी प्रवृत्तिले त्यहाँ विचलनको लहर सृजना गरिदिएको छ, यसमा मानवता नभएको ईन्टरनेटको अवास्तविक संसार र यसैसँग जोडिएको सामाजिक सञ्जालको आगमनले उर्जा थपिएको छ । धेरै जसो मानिसहरू यस्ता प्राविधिक प्रगतीबाट हुने सामाजिक असरहरूप्रति चिन्तित छन् किनकि त्यसले मानव अन्तरक्रिया र गहिरो आत्म विवेचनामा ह्रास ल्याइदिएको छ । तर यस्ता प्रवृत्तिहरूले पार्ने दीर्घकालिन प्रभावहरूलाई बेवास्ता गरिएको पाइन्छ । सबैभन्दा महत्वपूर्ण कुरा, प्रविधिले सबै खाले विश्वव्यापी समस्याहरू सामाधान गर्न सक्छन् भन्ने बुझाई वढ्दो छ, यसले गर्दा प्राविधिक आदर्श संसारलाई बढावा दिएको पाइन्छ, र मानवताको आध्यात्मिक अन्तश्चेतनामा आधारित जीवनको आधारभूत अर्थ र तात्पर्यता खस्किदै गएको छ ।

तर, यही अन्तश्चेतना मानव इतिहासमा भएका सबैखाले “महान जागरण” को आधारशीलाको रूपमा थियो र यसैका कारण हामी ज्ञानपूर्ण बुझाईको नयाँ तहमा पुगेका थियौं । पूर्वी युरोपदेखि दक्षिण पूर्वी एशियासम्म फैलिएको तेह्रौं र चौधौं शताब्दीको समृद्ध मङ्गोलियाको शान्ति युग (Pax Mongolica) देखि युरोपको पुनरुत्थान (Reformation) र पुनर्जागरण (Enlightenment) सम्म आइपुग्दा धार्मिक, वाणिज्य र वैचारिक स्वतन्त्रताका ब्रह्माण्डिय आदर्शहरू र व्यक्तिगत योग्यता र क्षमताको महत्वहरू आभास गरियो, भरणपोषण गरियो र बृद्धि गरियो । तिनीहरूले त्यो अमेरिकाको सुत्रपात गरायो जसले पश्चिमको आदर्शलाई परिभाषित गर्ने आधारभूत मानव अधिकार र स्वतन्त्रतालाई उत्कृष्टतामा पुऱ्यायो । अतः सधैं आध्यात्मिक सत्यहरूको खोजले नै ठुलाठुला विकासका फड्कोलाई सम्भव बनाएको पाइन्छ ।

जातीय, धार्मिक, आर्थिक, बैचारिक तथा राजनैनिक ध्रुवीकरणका कारण आएको समाजिक विभाजनका माझ विकसित देशहरूमा कुनै नयाँ आध्यात्मिक अन्तश्चेतना नभएकोले धेरै जसो प्रथम विश्वका राष्ट्रहरूको सामाजिक संरचनामा विखण्डन आइरहेको छ । धेरैले धन सम्पती, प्रविधि, अथाह सामान र सेवाहरूले भौतिक आवश्यकता त पुरा गर्न सक्छ, तर सत्य र अर्थ खोज्ने आध्यात्मिक सदिच्छा कहिल्यै सन्तुष्ट हुन सक्दैन भनेर आत्मसाथ गर्न सुरु गरिरहेका छन् । यस्तो अन्तश्चेतना व्यक्तिको आफ्नै आत्माको “जागरण” बाटमात्र सम्भव छ ।

## ईश्वर केन्द्रित परिवारको महत्व

परिवार, सबै किसिमका सामाजिक एकाईमध्ये सबैभन्दा आधारभूत एकाई हो, यसले हाम्रा अति महत्वपूर्ण शारिरीक, भावनात्मक र आध्यात्मिक आवश्यकताहरूलाई सम्बोधन गर्दछ । त्यसैले, हामीलाई मानव अनुभव हासिल गर्न परिवार सर्वव्यापी रूपमा सान्दर्भिक र अर्थपूर्ण छ । यसले हामी को हौं, हामी के बन्छौं र अझ महत्वपूर्ण कुरा हाम्रा गहिरो सम्बन्धहरूलाई उठाउँछ, आकार दिन्छ र परिभाषित गर्दछ । त्यसैले यो व्यक्ति, परिवार, सामाजिक, राष्ट्रिय र विश्व स्तरमा हुने कुनै पनि अर्थपूर्ण रूपान्तरणको स्वाभाविक शुरुवात विन्दु हो ।

ईश्वर सबै खाले सत्यता, सदाचारिता र लोकोपकारीताको स्रोत हुनु भएकाले वहाँको उपस्थिती र आशीर्वाद ती आदर्शहरू प्रतिबिम्बित गर्ने परिवार स्थापनाको लागि महत्वपूर्ण अवयवहरू हुन् । जसरी आधारभूत मानव अधिकार र स्वतन्त्रताको आदर्शहरू कुनै मानव निर्मित संस्थाबाट नभई हाम्रा सृष्टिकर्ताबाट आउछ भनेर स्वीकारिएको छ, त्यस्तै मानवीय अवस्थामा पूर्णता त्यसबेला मात्र आउन सक्छ, जब त्यो भगवानको उद्देश्यसँग एकाकार भएको हुन्छ । साँचो स्वतन्त्रता र जन्मजात मानवीय मूल्य मान्यताहरू तब मात्र आत्मासात गर्न सकिन्छ जब हामी हाम्रो आत्मा र अन्तश्चेतनाको निर्देशन पहिचान गर्दछौं र त्यस अनुसार बाच्दछौं । यी आदर्शहरू सर्वप्रथमतः परिवारमा विजारोपण र अनुभव गरेर त्यसपछि समाज, राष्ट्र र समस्त विश्वसँग अनुभव बाँडिन्थ्यो ।

यस्ता परिवारहरूमार्फत मानिसहरू प्रबुद्ध हुन र शान्ति र सबैको समृद्धि भएको विश्व निर्माणमा सक्रिय सहभागी हुन मौका प्राप्त गर्दछन् । यस्ता परिवारमा त ब्रह्माडीय सिद्धान्त र मूल्य मान्यताहरू वास्तविकीकरण गरिन्छन् र ईश्वरको सत्यता, सदाचारिता र लोकोपकारीताको उदय हुन्छन् । परिवारको यही मौलिक अपरिवर्तनीय उद्देश्यले समुद्घाटनको विषयवस्तु "ईश्वर केन्द्रित परिवारमा आधारित नव आध्यात्मिक अन्तश्चेतनाको विकास" लाई मुर्तरूप प्रदान गर्दछ ।

## मेरा पिताश्रीको विरासतको निरन्तरता

भद्र महिला तथा सज्जनवृन्द्ध, आजको दिन मेरा लागि धेरै अर्थपूर्ण छ । एकातिर, महिला, पुरुष, परिवार, आस्थाका परम्परा र संस्थाहरूको प्रतिनिधित्व गरी विश्वभरिबाट आउनु भएका तपाईंहरू सबै ईश्वर केन्द्रित परिवार निर्माण गर्ने आफ्नो प्रतिबद्धता जनाउन एकसाथ उभिनु भएको यो दिन मानवताको लागि कोशेढुङ्गा भएको छ । अर्को तिर, व्यक्तिगत रूपमा भन्नुपर्दा यो समुद्घाटनले मेरो पिताश्रीको जीवनभरिको कामलाई निरन्तरता दिने मेरो प्रतिबद्धता प्रदर्शित गर्दछ ।

मेरो पिताश्रीले सबै मानिसहरूलाई ईश्वर केन्द्रित परिवार स्थापनार्थ उत्प्रेरित गर्न विश्वव्यापी अभियान थालनी गर्दै Family Federation for World Peace and Unification नामक संस्था स्थापना गर्नु भएको थियो । आफ्नो सार्वजनिक सम्बोधनका क्रममा उहाँ प्रायः भन्नुहुन्थ्यो, "मानिस सिर्जना गर्नु पछाडिको ईश्वरको प्रमुख उद्देश्य बारे तपाईंको के विचार छ ? सरल भाषामा भन्ने हो भने, त्यो साँचो प्रेमले परिपूर्ण आदर्श परिवारहरूसँग सम्बन्धमा रहेर खुशीको अनुभव गर्नको लागि हो, .... ईश्वर सहित एक परिवार भएर बाँच्नको लागि हो ।"

उक्त दायित्वलाई स्पष्ट पार्ने र जीवन प्रदान गर्ने क्रममा मेरो पिताश्रीले भोग्नु भएका कठिनाईहरूको म स्वयम् साक्षी छु । उहाँको सम्पूर्ण जीवन मानवलाई शान्ति र खुशीका साथ सँगसँगै बाँच्ने बाटो खोज्न ईश्वरले गर्नु भएको आह्वानको पालना गर्नमा केन्द्रित थियो । उहाँको काम केवल एक देशको जनता वा एउटा आस्थाका लागि मात्र नभएर समस्त मानव जातीको लागि थियो । उहाँलाई मानिसहरूले गलत रूपमा पनि बुझे र कहिलेकाही उहाँका आफ्नै समर्थकहरूले तिनिहरूको गलत स्वार्थी उद्देश्य पुरा गराउन पनि उहाँलाई शोषण गरे । तैपनि, उहाँ ईश्वर र मानवता समक्ष गरिएका आफ्ना प्रतिवद्धतामा अन्त्य सम्मै अडिग रहनुभयो । उहाँको सपनालाई आफ्नो सपना मान्ने एउटा सुपुत्रको रूपमा म हाम्रो साझा सपनालाई मुर्तरूप दिन प्रतिवद्ध छु ।

जब सन् १९९८ मा मलाई Family Federation for World Peace and Unification को अन्तर्राष्ट्रिय उपाध्यक्षको रूपमा नियुक्त गरियो, मैले स्वर्ग र मानवताको सामु ईश्वर केन्द्रित परिवार निर्माण गरेर ईश्वरको अधिराज्यलाई अगाडि बढाउने मेरो पिताश्रीको सपनालाई जसरी पनि पुरा गर्छु भनेर प्रतिज्ञा गरेको थिएँ । FFWPU मेरो पिताश्रीको मौलिक उद्देश्यप्रति साँचो रूपमा समर्पित नभए पछि म त्यसमार्फत काम गर्न सकिन । आज, Family Peace Association को स्थापना गरेर म आफ्नो त्यो प्रतिज्ञा पुरा गरिरहेको छु ।

यो आध्यात्मिक अभियानले मेरो पिताश्रीले आफ्नो जीवनभर पछ्याउनु भएको मौलिक दूरदृष्टिलाई अगाडी बढाउने छ र त्यो दूरदृष्टि भनेको सम्पूर्ण मानवता "एक ईश्वर अन्तरगतको एक परिवार" मा समेटिएको शान्तिपूर्ण आदर्श संसारको सपना हो ।

**सकृयताको लागि अपिल**

आज हामी इतिहासको महत्वपूर्ण मोडमा उभिएका छौं । आजको विश्व मानवीय आध्यात्मिक अन्तश्चेतनाको अर्को महान जागरणका लागि तयार छ । तर अर्को तर्फ एउटा दिव्य संस्था हुनु पर्ने परिवारलाई आधुनिक संस्कारमा कार्यरत विभिन्न विखण्डनकारी शक्तिहरूले हाम्रै आखाँ अगाडी अवमूल्यन गर्दै लगिरहेको छ र सामाजिक एकता भंग गर्ने काम भइरहेको छ । यसका कारण, सांसारिक वा धार्मिक विशुद्ध मानव निर्मित संस्थाहरूले मानवतामा भइरहेको विभाजनहरूलाई अझ फराकीलो बनाउँदै आफ्ना स्थानहरू सुरक्षित गरिरहेका छन् ।

ईश्वर केन्द्रित परिवारले सबै खाले सकारात्मक मानव विकासको लागि केन्द्रिय भुमिका खेल्छ, किनकि यसले त्यो पवित्र संस्थामा दैवीकता फर्काउछ र सृष्टिको मौलिक उद्देश्यसँग एकाकार गराउँछ । यस्ता परिवारहरू निर्माण नभईकन, मानवतामा यस युगका चुनौतीहरू सामना गर्न र हाम्रा आउँदो पुस्ताको उज्वल भविष्य निर्माण गर्न आवश्यक नैतिक स्पष्टता र अठोट हुने छैन । मानव समाज कता जाने भन्ने कुरा, हामी यो सत्य कति छिटो बुझ्छौं र त्यस अनुसार काम गर्न आजै थाल्छौं कि थाल्दैनौं त्यसमा भर पर्छ ।

मानवता धार्मिक, जातीय, संस्कृतिक र आर्थिक तनावका कारण बढ्दो रूपमा विखण्डीत बन्दै गइरहेको समयमा, हामीले साझा कारक तत्व पत्ता लगाउनु पर्छ र हरेक मानिसलाई ईश्वरको छोरा र छोरीको रूपमा सम्मान गर्ने संसार निर्माणमा कृयाशील हुनु पर्छ । असल अन्तश्चेतना भएका आस्थावान मानिस भएर, हामी विभिन्न सिद्धान्त र विचारधाराको मतभेदहरूभन्दा माथि उठ्न आवश्यक छ र विश्वको महान आस्थाका परम्पराहरूको सधै सम्मानित शिक्षामा अन्तरनिहित ब्रह्माडीय सिद्धान्त र साझा मूल्य मान्यतालाई पहिचान गर्न आवश्यक छ । सबैभन्दा महत्वपूर्ण कुरा, हामी हाम्रो साझा सृष्टिकर्ता तर्फ उन्मुख हुन र एक पटकमा एउटा परिवारलाई एक ईश्वर अन्तरगतको एक परिवार बनाउन मानवताको आध्यात्मिक अन्तश्चेतनालाई प्रज्वलित गर्न आपसमा हातेमालो गर्न आवश्यक छ ।

कृपया, Family Peace Association को औपचारीक प्रारम्भ गर्न मलाई साथ दिनुहोस् । आउनुहोस्, ईश्वर रमाउने र विश्वभर ईश्वरको प्रकाश र शान्ति फैलाउन सक्ने परिवारहरू निर्माण गरेर हामी शान्तिको युगमा प्रवेश गर्न कार्यरत रहौं ।

**ईश्वरले तपाईंहरू सबैलाई आशीर्वाद प्रदान गरुन् । धेरै धेरै धन्यवाद ।**

********